जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ।।-कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

सबै क्षेत्रको प्रवर्द्धनको गुरु

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
जि. महोत्तरी हु.द.नं. ४/०८०/८१

www.jaleshwortoday.com

# जलेश्वर टुडे

एक कदम अगाडि

Jaleshwor Today National Daily

बर्ष १२ • अंक १७० • २०८१ चैत्र २९ गते शुक्रवार • 11 Apr. 2025 • पृष्ठ ४ • मुल्य रु.५/-

सूचना

जनकपुरधाममा घरभन्दा पनि राम्रो खाना सहितको कक्षा ८ सम्मको व्यवस्थित होस्टेलको लागि

सम्पर्क

९८१५८३०६०१

## राजमार्गको काम कहिले सम्पन्न हुन्छ भन्ने अझै यकिन गर्न सक्ने अवस्था छैन

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, २८ चैत्र**



राजनीतिक दलका नेताको आन्दोलन र अभियानको 'मार्ग' बनेको हुलाकी राजमार्ग योजनाबद्ध रूपमा निर्माण सुरु भएको दुई दशक पुग्न लाग्दा पनि काम सम्पन्न हुन सकेको छैन । जनतालाई आफ्नो पार्टी र विचारप्रति आकर्षित गरी भोट तान्न राजनीतिक आन्दोलन र अभियानको विषय बनाइएको बहुप्रतीक्षित तथा राष्ट्रिय गौरवका आयोजनामा सूचीकृत यो राजमार्गको काम कहिले सम्पन्न हुन्छ भन्ने अझै यकिन गर्न सक्ने अवस्था छैन ।

नेकपा (माओवादी केन्द्र) यतिबेला हुलाकी राजमार्गकेन्द्रित अभियानमा छ । यसअघि नेकपा (एमाले), नेपाली कांग्रेस, पूर्वप्रधानमन्त्री डा. बाबुराम भट्टराई, मधेशवादी दलको राजनीतिक अभियानको 'मार्ग' बनेको यो राजमार्गको अहिलेसम्मको भौतिक प्रगति ६९.८४ प्रतिशत र वित्तीय प्रगति ६६.१६ प्रतिशत पुगेको हुलाकी राजमार्ग आयोजनाले जनाएको छ। हुलाकी राजमार्ग निर्देशनालयका प्रवक्ता विष्णुबाबु पाण्डेका अनुसार अहिलेसम्म सो राजमार्गको एक हजार २९७ किलोमिटर सडक निर्माण सम्पन्न भइसकेको छ । त्यसै गरी १४२ वटा पुल निर्माण सम्पन्न भइसकेको छ। यस राजमार्ग अन्तर्गत कुल २५० वटा पुल निर्माण गर्नुपर्ने छ । राजमार्गको २०१ किलोमिटर सडक निर्माणका लागि अहिलेसम्म ठेक्का सम्झौता लाग्न सकेको छैन । यस राजमार्गको सुरुको निर्माण लागत ४७ अर्बबाट अहिले करिब एक खर्ब रुपियाँ पुग्न लागेको छ।

सडक विकासमार्फत कृषि, व्यापार, उद्योग र पर्यटनको विकास गरी तराई-मधेशका जनताको जीवनस्तर उकास्ने उद्देश्यसहित निर्माण भइरहेको यो राजमार्गको कतिपय खण्डको अहिलेसम्म रुट (एलाइन्मेन्ट) नै तय हुन सकेको छैन भने निर्माण गर्नुपर्ने ठुला नदीका पुल अझै सुरु हुन सकेको छैन । आर्थिक वर्ष २०७४/७५ सम्म सम्पूर्ण निर्माण कार्य सम्पन्न गर्ने लक्ष्यसहित राष्ट्रिय गौरवका आयोजनामा समेत सूचीकृत यस राजमार्गको निर्माण कार्य आव २०६३/६४ सुरु गरिएको थियो । मन्त्रीपरिषद्को २०६९ जेठ २४ को निर्णयले यस राजमार्गको रेखाङ्कन २५ वटा सडकमा गरिएको थियो । रुट तय हुन बाँकी: कोशी प्रदेश र मधेश प्रदेशबाहेक निकुञ्ज र वनजङ्गल क्षेत्रमा यो राजमार्गको निर्माण मुख्य समस्याका रूपमा रहेको सो आयोजनाले जनाएको छ। कोशी प्रदेश र मधेश प्रदेशबाहेकका प्रदेशमा निकुञ्ज र वनजङ्गल क्षेत्रमा यो राजमार्ग निर्माणका लागि 'एलाइन्मेन्ट' तय हुन नै बाँकी छ। आयोजनाका अनुसार पर्सा राष्ट्रिय निकुञ्ज, चितवन राष्ट्रिय निकुञ्ज (पूर्वी नवलपरासी सम्म), कपिलवस्तु र दाङ जिल्लामा पर्ने वनजङ्गल क्षेत्र, दाङ र बाँकेमा पर्ने वनजङ्गल क्षेत्र, कैलाली र कञ्चनपुरमा पर्ने शुक्लाफाँटा वन्यजन्तु निकुञ्ज क्षेत्रमा अझै पनि यो राजमार्गको 'एलाइन्मेन्ट' तय हुन सकेको छैन । निकुञ्ज र वनजङ्गल क्षेत्रको भित्री भागमा साढे आठ किलोमिटर र 'बफर जोन' १५ किलोमिटरमा निर्माण प्रक्रिया अगाडि बढ्न सकेको छैन । निर्देशनालयका प्रवक्ता पाण्डेका अनुसार यसअघि चितवनको माडीदेखि त्रिवेणीसम्मको साढे २२ किलोमिटर सडकका लागि नेपाली सेनाले स्वीकृति नदिएका कारण समस्या रहेकोमा अहिले नेपाली सेनाले त्यसको वैकल्पिक रुट दिने कुरामा स्वीकृति दिएर अहिले त्यसको विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) तयार भइसकेको छ । भारतद्वारा हस्तान्तरण: यसअघि भारत सरकारको आर्थिक सहयोगमा हुलाकी राजमार्ग अन्तर्गत निर्माण भएका १० वटा सडक नेपाल सरकारलाई हस्तान्तरण भइसकेको छ। नेपालका लागि तत्कालीन भारतीय राजदूत विनयमोहन क्वात्राले २०७७ चैत १९ गते तत्कालीन भौतिक पूर्वाधार तथा यातायातमन्त्री वसन्तकुमार नेम्वाङलाई सो सडकको संयुक्त रूपमा बटन थिचेर भर्चुअल उद्घाटन गरी हस्तान्तरण गर्नुभएको थियो ।

ती सडक भारत सरकारको आठ अर्ब र नेपाल सरकारको ५१ करोड रुपियाँको लागतमा निर्माण गरिएको थियो । कुल २७०.९९५ किलोमिटर सडक निर्माण गरी हस्तान्तरण गरिएको थियो । सो सडक निर्माणका लागि २०१६ फेब्रुअरीमा नेपाल र भारत सरकारबिच सम्झौता भएको थियो। पूर्वमा झापाको भद्रपुरदेखि पश्चिममा कञ्चनपुरको दैजीसम्म यो सडकको कुल लम्बाइ एक हजार ८५७ किलोमिटर छ। तराईका जिल्ला हुँदै निर्माण भइरहेको हुलाकी राजमार्ग निर्माण सम्पन्न भएपछि त्यस क्षेत्रका ७५ प्रतिशत गाउँ सडक सञ्जालसँग जोडिने छन्।

GYAN GANGA
INTERNATIONAL PUBLIC SCHOOL
Janakpurdham-12, Airport Road, Kuwa
Contact : 9824877627, 9844027971, 9815830601
Announces
Admission Open
for Session 2082
Entrance Exam Schedule
Form Distribution : 2082/01/02
Entrance Exam : 2082/01/3,4,5
Time : 11 AM
Result Publication : 2082/01/06
Time : 1 PM
Enrollment : From 2082/01/06
Class Begins : 2082/01/07, 10 AM

## वैशाख ६ र ७ गते भिटामिन ए र जुकाको औषधी खुवाईदै



**जलेश्वरटुडे समाचारदाता**
**महोत्तरी, २८ चैत्र**

यही वैशाख ६ र ७ गते महोत्तरी जिल्लामा भिटामिन ए र जुकाको औषधी खुवाउने कार्यक्रम रहेकोले कुनै बालबालिका नछुट्ने गरि सहयोग गरिदिन स्वास्थ्य कार्यालय महोत्तरीले अनुरोध गरेको छ।

पोषण विशेष र राष्ट्रिय भिटामिन ए कार्यक्रम सम्बन्धी सञ्चारकर्मीहरुसँगको अन्तरक्रिया कार्यक्रममा स्वास्थ्य कार्यालयले सञ्चारकर्मीहरुलाई सबै बालबालिकालाई भिटामिन ए कार्यक्रममा सहभागीताको लागि सहयोग गरिदिन हुन अनुरोध गरेको छ । कार्यालयका पोषण कार्यक्रमका फोकल पर्सन प्रतिभा सिंहले ६ महिनादेखि ५ वर्षसम्मका बालबालिकाहरुलाई भिटामिन ए र एक वर्षदेखि ५ वर्षसम्मका बालबालिकालाई भिटामिन ए र जुका दुवैको औषधी नि:शुल्क खुवाइने कार्यक्रम रहेकोले बढी भन्दा बढी प्रचारप्रसार गरि सहयोग गरिदिन आग्रह गर्नुभयो । उहाँले भिटामिन ए, जुकाको औषधीसँगै वालभिटा वितरण तथा पोषण सम्बन्धी चेकजाँच समेत गरिने जानकारी दिनुभयो। उहाँले वर्षमा दुई पटक अभियानको रुपमा सञ्चालित हुँदै आएको यो कार्यक्रम यही वैशाखको ६ र ७ गते जिल्लाको सम्पूर्ण पालिकामा हुने भएकोले कुनै बालबालिका नछुट्न भनेर प्रचारप्रसार र सहयोग गरिदिन अन्तरक्रिया कार्यक्रम आयोजना गरिएको जानकारी दिनुभयो । महोत्तरी जिल्लामा ५१ हजार ४७७ बालबालिकाहरुलाई यस अभियान अन्तर्गत औषधी खुवाउने लक्ष्य राखिएको जानकारी दिनुहुदै उहाँले हरेक पालिकाको वडाहरुमा रहेको टोल टोलमा स्वंयसेविकाहरु मार्फत आ-आफ्नो बालबालिकालाई औषधी खुवाउन अभिभावकहरुलाई आग्रह गर्नुभयो। आँखालाई स्वस्थ राख्ने, बालबालिकाको वृद्धि विकास गर्ने कार्यमा भिटामिन एको महत्वपूर्ण भूमिका रहने गरेको छ ।

GALAXY SCHOOL/COLLEGE
Bajrang Chowk, Janakpurdham-8
041-524969/9854028024
NEB AFFILIATED
Admission Open ! +2
- SCIENCE
- MANAGEMENT
- EDUCATION
- LAW with Computer
Super 81 Scholarship Scheme

33 Years of Academic Excellence




# प्रतिगमन असफल

*राजतन्त्र पुनर्स्थापना गर्न चाहने दल तथा समूहद्वारा आह्वान गरिएको चैत १५ को आन्दोलन अन्ततः असफल हुन पुगेको छ । राजावादीबिच नै मनोमालिन्यको स्थितिमा राजतन्त्र पुनर्स्थापनाका लागि जनआन्दोलन समितिले सुरु गरेको आन्दोलन विफल हुनमा विभिन्न कारण रहेका छन्, जुन यहाँ उल्लेख गर्नु सान्दर्भिक हुने छ । विभिन्न खेमामा विभाजित राजावादी समूहबिच कसले नेतृत्व गर्ने भन्ने विवादबिच नै आन्दोलन सुरु भएको थियो । जसका कारण सबै समूह आफ्नो सम्पूर्ण शक्तिका साथ आउन सकेनन् ।*

*पहिले पूर्वराष्ट्रिय पञ्चायत अध्यक्ष नवराज सुवेदीलाई कमान्डर तोकिएकोमा नै राप्रपा असन्तुष्ट थियो भने अन्य केही नेता पनि उहाँको समितिमा बस्न आनाकानी गरिरहेका थिए । राजेन्द्र लिङ्देन नेतृत्वको राप्रपा पनि उहाँको नेतृत्वमा बस्न इन्कार गरी पार्टीले आफ्नैतर्फबाट आन्दोलन गर्ने बताइरहेको थियो । यसैबिच समितिले आह्वान गरेको चैत १५ को कार्यक्रमको पूर्वसन्ध्यामा दुर्गा प्रसाईंलाई जनकमान्डर तोकियो । हुन सक्छ सुवेदीको उमेरका कारण पनि यो निर्णय गरियो । सो आन्दोलनमा अरू राजावादी दल तथा समूहले अप्रत्यक्ष सहयोग गर्ने मात्र स्थिति बन्यो ।*

*गणतन्त्र स्थापनापछि पनि राजतन्त्र र हिन्दु राष्ट्रको एजेन्डा लिएर निर्वाचनमा भाग लिँदै आएको र राजनीतिक अभियान चलाइरहेको राप्रपालाई बेवास्ता गरी पूर्वपञ्चलाई कमान्डर तोकिएको र पछि पनि दुर्गा प्रसाईं जस्ता राजनीतिक आस्थाको ठेगान नभएका विवादास्पद व्यक्तिलाई जनकमान्डर तोकिएकोमा राप्रपा र यसका नेता असन्तुष्ट हुनुहुन्थ्यो । पर्याप्त जनसमर्थनबिना परिवर्तन सम्भव छैन भन्ने कुरा आन्दोलनकारीका लागि ठुलो पाठ हो । त्यस्तै प्रहरीले पनि यस पटक भएको क्षतिलाई कसरी न्यूनीकरण गर्न सकिन्थ्यो भन्ने बुझेकै होला । केही सुझबुझ अपनाएको भए सायद ती आगजनीलाई रोक्न सकिन्थ्यो र धनजनको क्षतिलाई पक्कै कम गर्न सकिन्थ्यो ।*

# ऐतिहासिक र पुरातात्विक महत्व बोकेका चन्द्रभोगा गढी संरक्षणको पर्खाइमा



**जलेश्वरटुडे समाचारदाता**
**सप्तरी, २८ चैत्र**

सप्तरीको शम्भुनाथ नगरपालिका २ मा अवस्थित एतिहासिक र पुरातात्विक महत्व बोकेका चन्द्रभोगा गढी संरक्षणको पर्खाइमा छ । शम्भुनाथ नगरपालिकास्थित पूर्व-पश्चिम राजमार्गदेखि करिव ५ किलोमिटर उत्तर चुरे पहाडमा अवस्थित चन्द्रभोगा गढी र दरबार भएको भग्नावशेष सहित विभिन्न फुल बुटा कुँदिएका शिलाहरु त्यस वरिपरिको क्षेत्रमा प्रशस्त भेटिने गरिएको भएपनि त्यसको संरक्षण भने हुन सकेको छैन । चन्द्रभोगा क्षेत्रमा अहिले पनि गढी निर्माण हुँदा बखत प्रयोग भएको निर्माण सामग्री जताततै छरिएको अवस्थामा भेटिने गरेको स्थानिय समाजसेवी तेजनाराण चौधरी बताउनु हुन्छ । सेनकालीन राजाहरुले त्यस क्षेत्रमा गढी र दरबार बनाएको हुन सक्ने इतिहासिविद्हरुको तर्क रहेपनि पुरातत्व विभागले यसबारे गहिरो अन्वेषण नगर्दा ओझेलमा पर्दै गएको छ चन्द्रभोगा गढी ।

त्यस क्षेत्रमा अहिले पनि शिवलिङ्ग जस्तो माटोमा गाडिएको पत्थर, कमलको फुल आकारको त्यस्तै देखिने पत्थर, विभिन्न प्राचिनकालीन पत्थरका सामग्रीसँगै इटाहरु समेत प्रशस्त देख्न सकिन्छ । देशमा संघीय लोकतान्त्रिक व्यवस्था आएर तीन तहको सरकार भएपनि यस्ता एतिहासिक र पुरातात्विक महत्व वोकेका चन्द्रभोगा गढीको संरक्षणमा तीनै तहका सरकार र पुरातत्व विभाग, पर्यट्न वोर्ड जस्ता निकायहरुले ध्यान नदिएको समाजसेवी चौधरीको गुनासो छ ।

५० देखि ६० विगहा क्षेत्रफलमा फैलिएको चन्द्रभोगा गढी क्षेत्रको विकास हुन नसकेको बताउनुहुन्छ शम्भुनाथ नगरपालिका वडा नम्बर २ का वडाध्यक्ष दुर्गानन्द भगत । एक पटक डिपिआर बनेपनि काम केही नभएर बजेट फ्रिज भएको जानकारी दिनुभयो । चुरे क्षेत्रमा भएको त्यो स्थान नजिकै पुरानो दरवार पनि भेटिएको तर, बर्षेनी बाढी आउँदा चन्द्रभोगा गढी क्षेत्रमा रहेका पुरातात्विक महत्वका सामग्रीहरु बगाएर लग्ने गरेको उहाँले सुनाउनुभयो । "त्यहाँ एतिहासिक, पुरातात्विक र धार्मिक महत्व बोकेका अनेकन सामग्री र दरवारको भग्नावशेष छ ।

# ब्राउन सुगरसहित दुई जना पक्राउ



**जलेश्वरटुडे समाचारदाता**
**बारा, २८ चैत्र**

बारा प्रहरीले ठुलो परिमाणमा लागु औषध ब्राउन सुगरसहित दुई जना भारतीयलाई पक्राउ गरेको छ । बारा सीमावर्ती क्षेत्रमा लागु औषध तस्करी भइरहेको सूचना बमोजिम प्रहरीले जाँच गर्दा लागु औषध ब्राउन सुगरसहित दुई जना भारतीयलाई पक्राउ गरेको जनाएको छ ।

बारा प्रहरीले जिल्लाको फेटा गाउँपालिकाबाट विशेष सूचनाको आधारमा निगरानीमा राखिएको एक ट्र्याक्टर जाँच गर्ने क्रममा १५८ ग्राम ९१० मिलिग्राम खैरो ब्राउन सुगर जस्तो देखिने लागु औषध बरामद गरेको बारा प्रहरी प्रवक्ता विजयराज पण्डितले बताए ।

उनका अनुसार बाराबाट खटिएको टोलीले फेटा गाउँपालिका-३ चौतारास्थित सडक खण्डमा ना ३ त ४७१४ नम्बरको ट्र्याक्टरलाई रोकी जाँच गरेको थियो । सोही जाँचमा प्रहरीले इन्धन ट्याङ्की खोल्दा प्लास्टिकमा बेरिएको अवस्थामा उक्त लागु औषध फेला परेको हो ।


# व्यक्तिगत घटना दर्ता गरौं

- घटना दर्ताको प्रमाण पत्रलाई कानुनी मान्यता प्राप्त भएकोले जुनसुकै अड्डा अदालतमा प्रमाणको रुपमा प्रस्तुत गर्न सकिने ।
- आमा बाबु उमेर आदिको वैधानिक प्रमाण हुने ।
- विद्यालयमा भर्ना हुन सजिलो पर्ने ।
- नागरिकताको प्रमाण पत्र लिन सजिलो पर्ने ।
- नाता कायम गर्न सजिलो पर्ने ।
- चल अचल सम्पत्ती नामसारी गर्न सजिलो पर्ने ।
- पती-पत्नीबिच बैधानिक सम्बन्ध कायम हुने ।
- जीवन विमा, पेन्सन, उपदान र बैंकबाट रकम झिक्न सुविधा हुने ।
- विदेश जानको लागि भिसा प्राप्त गर्नमा सजिलो हुने ।
- राष्ट्रिय जनसंख्या नीति तर्जुमा गर्नमा मद्दत मिल्ने ।
- खाद्यान्न कार्यक्रम संचालन गर्न सहयोग मिल्ने ।
- आवासको व्यवस्था गर्न सजिलो हुने ।
- व्यक्तिगत घटना दर्ताका लागी सम्बन्धीत वडा कार्यालयमा सम्पर्क राखौं तथा घटना दर्ताको लागि आवश्यक कागजात एवं प्रकृयाहरु नागरिक वडा पत्रमा अध्ययन गरौं ।

**रामगोपालपुर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**महोत्तरी, मधेश प्रदेश नेपाल**


## तपाईको टुडे

मेष: पढाईमा ध्यान दिनुपर्ने
वृष: अनावश्यक चिन्ता
मिथून: मित्रतामा फाटो आउने
कर्कट: विचार गरेर बोल्नुहोला
सिंह: पिछडेको साथी मिल्ने
कन्या: खानपानमा समस्या आउने
तुला: शुभ कार्यको शुरुवात
वृश्चिक: अनावश्यक खर्चको संभावना
धनु: लामो यात्राको योग छ
मकर: अशुभ समाचार प्राप्त हुने
कूम्भ: मनमा पछुतो आउने
मीन: आम्दानी हुने


## मधेश प्रदेशको गौरव



**श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।**



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

**श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा**


## आवश्यक टेलिफोन नम्बरहरु

### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

**आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७**

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| **जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर** | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | ०५:०० बजे |
| विहान पुजा आरती | ०५:३० बजे |
| विहान ढोका बन्द | १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | ०४:०० बजे |
| सन्ध्या पूजा आरती साँझ | ०६:३० बजे |
| राति ढोका बन्द हुने समय | १२ बजे |

(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर पुजाआजा




| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | ०५:०० बजे |
| विहान पुजा आरती | ०७:३० बजे |
| विहान ढोका बन्द | १२:०० बजे |
| अन्न क्षेत्र | निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | ०४:०० बजे |
| सन्ध्या पूजा आरती साँझ | ०७:३० बजे |

# व्यापार युद्धः चीनले अमेरिकामाथि ८४ प्रतिशत कर लगाउँदै १८ कम्पनीलाई गर्‍यो कारबाही

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, २८ चैत्र**



अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको १२५ प्रतिशत आयात करको जवाफमा बेइजिङले अमेरिकामा ८४ प्रतिशत आयात कर लगाएको छ। चीनको यो जवाफी हमलाबाट अमेरिका अझै मुक्त भएको थिएन कि सी जिनपिङको सरकारले १८ अमेरिकी कम्पनीमाथि कडा कारबाही गरेको छ।

लगत्तै चिनियाँ सरकारले बुधबार १२ अमेरिकी कम्पनीलाई आफ्नो निर्यात नियन्त्रण सूचीमा समावेश गरेको छ भने ६ अमेरिकी कम्पनीलाई 'अविश्वसनीय निकायको सूची'मा समावेश गरेको छ। ग्लोबल टाइम्सका अनुसार चीनको वाणिज्य मन्त्रालयले यी कम्पनीहरूमाथि ताइवानलाई हतियार बेचेको वा त्यससँग सैन्य प्राविधिक सहयोग गरेको आरोप लगाएको छ। यही कारणले गर्दा यी ६ अमेरिकी कम्पनीलाई 'अविश्वसनीय संस्था'को सूचीमा समावेश गरिएको छ। यी ६ कम्पनि हुन- शिल्ड एआई, इंक। साथै, सिएरा नेभाडा कर्पोरेशन, साइबर लक्स कर्पोरेशन, एज अटोमनी अप्रेसन एलएलसी, ग्रुप डब्ल्यू, हडसन टेक्नोलोजी कर्पोरेशन रहेका छन। चीनको वाणिज्य मन्त्रालयका प्रवक्ताले भने कि यी कम्पनीहरूले चीनको विरोधको बाबजुद ताइवानलाई हतियार बेचिरहेका छन्, जसले चीनको सार्वभौमसत्ता र सुरक्षालाई खतरामा पारेको छ। उनले भने, 'चीनले यी कम्पनीहरू विरुद्ध कानुनी कारबाही गर्नेछ।'

# सलमानको 'सिकन्दर'ले पाउनै छाड्यो दर्शक

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, २८ चैत्र**



बलिउडका भाइजान सलमान खानको फिल्म सिकन्दरले दर्शक पाउनै छाडेको छ। इदको अवसर पारेर रिलिज भएको फिल्मले राम्रो कमाइ गर्न सकिरहेको छैन। सलमानको यो फिल्मले ओपनिङ डे देखि नै बक्स अफिसमा निराशाजनक प्रदर्शन गरिरहेको छ।

पहिलो हप्ता यस फिल्मले मात्रै ९० करोड २५ लाख कमायो। दोस्रो हप्ताको कलेक्सन हेर्दा फिल्म बक्स अफिसलाई 'बाईबाई' भन्ने तयारीमा देखिन्छ। सिकन्दरले रिलिजको ११ औं दिनमा बक्स अफिसमा १ करोड ३९ लाख भारु मात्रै कमाएको छ। योसँगै फिल्मको कुल कलेक्सन बल्लतल्ल १०७ करोड १४ लाख भारु पुगेको छ। फिल्मले पहिलो दिन २६ करोड रुपैयाँ कमाएको थियो। तर त्यसपछि यसको कलेक्सनमा निरन्तर ओरालो लागिरह्यो। लगातार सलमानको तेस्रो फिल्मलाई दर्शकले गरे 'रिजेक्ट': २०० करोडको बजेटमा बनेको यो फिल्मलाई एआर मुरुगादोसले निर्देशन गरेका हुन्। यस फिल्ममा रश्मिका मन्दाना, सत्यराजलगायत कलाकारको अभिनय रहेको छ। फिल्मले मंगलबार १ करोड ५० लाख रुपैयाँ कमाएको थियो। किसी का भाई किसी की जान र टाइगर ३ पछि सलमानको यो फिल्म पनि दर्शकले मन पराएनन्।

# यस्तो छ आजको विनिमयदर




**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, २८ चैत्र**

नेपाल राष्ट्र बैङ्कले आजका लागि विदेशी मुद्राको विनिमयदर निर्धारण गरेको छ। राष्ट्र बैङ्कका अनुसार अमेरिकी डलर एकको खरिददर १३८ रुपैयाँ ४१ पैसा र बिक्रीदर १३९ रुपैयाँ ०१ पैसा कायम भएको छ। युरोपियन युरो एकको खरिददर १५२ रुपैयाँ ८९ पैसा र बिक्रीदर १५३ रुपैयाँ ५६ पैसा, युके पाउन्ड स्ट्रलिङ एकको खरिददर १७७ रुपैयाँ ३८ पैसा र बिक्रीदर १७८ रुपैयाँ १५ पैसा, स्विस फ्र्याङ्क एकको खरिददर १६४ रुपैयाँ ८९ पैसा र बिक्रीदर १६५ रुपैयाँ ६१ पैसा कायम गरिएको छ। अष्ट्रेलियन डलर एकको खरिददर ८३ रुपैयाँ ०९ पैसा र बिक्रीदर ८३ रुपैयाँ ४५ पैसा, क्यानेडियन डलर एकको खरिददर ९७ रुपैयाँ ४५ पैसा र बिक्रीदर ९७ रुपैयाँ ८७ पैसा, सिङ्गापुर डलर एकको खरिददर १०२ रुपैयाँ ६३ पैसा र बिक्रीदर १०३ रुपैयाँ ०८ पैसा निर्धारण गरिएको छ।

जापानी येन १० को खरिददर नौ रुपैयाँ ५६ पैसा र बिक्रीदर नौ रुपैयाँ ६० पैसा, चिनियाँ युआन एकको खरिददर १८ रुपैयाँ ८३ पैसा र बिक्रीदर १८ रुपैयाँ ९१ पैसा, साउदी अरेबियन रियाल एकको खरिददर ३६ रुपैयाँ ८७ पैसा र बिक्रीदर ३७ रुपैयाँ ०३ पैसा, कतारी रियाल एकको खरिददर ३७ रुपैयाँ ९७ पैसा र बिक्रीदर ३८ रुपैयाँ १३ पैसा कायम भएको छ।

केन्द्रीय बैङ्कका अनुसार थाई भाट एकको खरिददर चार रुपैयाँ र बिक्रीदर चार रुपैयाँ दुई पैसा, युएई दिराम एकको खरिददर ३७ रुपैयाँ ६८ पैसा र बिक्रीदर ३७ रुपैयाँ ८५ पैसा, मलेसियन रिङ्गेट एकको खरिददर ३० रुपैयाँ ७९ पैसा र बिक्रीदर ३० रुपैयाँ ९२ पैसा, साउथ कोरियन वन एक सयको खरिददर नौ रुपैयाँ ३५ पैसा र बिक्रीदर नौ रुपैयाँ ३९ पैसा, स्विडिस क्रोनर एकको खरिददर १३ रुपैयाँ ८६ पैसा र बिक्रीदर १३ रुपैयाँ ९२ पैसा र डेनिस क्रोनर एकको खरिददर २० रुपैयाँ ४७ पैसा र बिक्रीदर २० रुपैयाँ ५६ पैसा तोकिएको छ।

# हङकङ टी-२०आई शृंखला : कुवेतमाथि नेपालको कीर्तिमानी जित

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, २८ चैत्र**




कुशल भुर्तेलको लगातार दोस्रो खेलमा आक्रमक ब्याटिङ अनी दीपेन्द्र सिंह ऐरीको विष्फोटक ब्याटिङमा नेपालले हङकङ टी-२०आई शृखलामा कुवेतमाथि ६ विकेटको कीर्तिमानी जित हात पारेको छ।

हङकङको मोङ कोकस्थित मिसन रोड ग्राउण्डमा कुवेतले दिएको १८६ रनको लक्ष्य नेपालले ७ बल बाँकी छँदा ४ विकेटको क्षतिमा पूरा गर्‍यो। यो नेपालले टी-२०आईमा लक्ष्य पूरा गर्दा बनाएको उच्च योगफल हो। यसअघि नेपालले मलेसियासँग १६६ रनको लक्ष्य पूरा गरेको सबैभन्दा उच्च सफल चेज थियो। नेपालका लागि ओपनर कुशल भुर्तेलले सर्वाधिक ८१ तथा आसिफ शेखले ५३ रन बनाए। यी दुई मिलेर पहिलो विकेटका लागि १२७ रनको साझेदारी गर्दै जितको आधार तय गरेका थिए ।यो साझेदारी पनि नेपालको टी-२०आईमा सर्वाधिक रनको ओपनिङ साझेदारी हो। यसअघि सन् २०२१ मा नेदरल्याण्ड्ससँग नेपालले ११६ रनको ओपनिङ साझेदारी गरेको थियो।

भुर्तेलले लगातार दोस्रो खेलमा अर्धशतक बनाउने क्रममा ५० बल खेल्दै समा ६ चौका र छक्का मद्दतमा ८१ रन बनाए। आसिफले ३८ बल खेल्दै २ चौका र ४ छक्का प्रहार गरे। दिपेन्द्रसिंह ऐरीले १२ बलमा ३१ रनको क्यामिओ पारी खेल्दै फिनिसिङमा मद्दत गरे। दीपेन्द्रले २ चौका र ३ छक्का प्रहार गरे। कुवेतका यासिन पटेलले ४ ओभरमा १७ रन दिएर २ विकेट लिए। मोहम्मद सफीक र मोहम्मद असलमले १-१ विकेट लिए। खेलमा टस हारेर पहिले ब्याटिङको निम्तो पाएको कुवेतले २० ओभरमा ७ विकेट गुमाएर १८५ रन बनाएको थियो। कुवेतका लागि क्लिन्टो एन्टोले सर्वाधिक ४१ रन बनाए। मिट भावसरले ३५ तथा बिलाल ताहिरले ३२ रन बनाए। रविजा सन्दरुवानले २६ रन बनाए। राम्रो सुरुवात गर्दै १० ओभरभित्रै २ विकेट गुमाएर ९७ रन जोडेको कुवेतले २०० बनाउने संकेत देखाएपनि त्यसपछि नियमित अन्तरालमा विकेट गुमाउँदा २०० को आँकडा भने छुन सकेन।



# नदी नभई फोहोर पोखरीजस्ता भए दल र राजावादी हौसिए



-गिरीशवल्लभ प्रधान ।

-पञ्चायतकालमा कक्षा ८ वा ९ पुगेपछि हामीले बहुदलीय व्यवस्था अफापसिद्ध हुनाका कारण पढ्नुपरेको थियो । त्यसमा यस्तै लेखिएको हुन्थ्यो– पार्टीहरूबिच आपसी मनमुटाव हुनाले, पार्टीका नेताहरू दलगत स्वार्थमा लाग्नाले, जनचेतनाको अभाव आदि कारणले गर्दा नेपालमा बहुदलीय व्यवस्था अफापसिद्ध भयो । अहिले देखिएको राजनीतिक पार्टीहरूको घट्दो लोकप्रियता, जनतामा देखिएको नैराश्य, सडकदेखि सदनसम्म राजावादीको सक्रियता र आन्दोलन तथा उनीहरूले सामाजिक सञ्जालमा लोकतान्त्रिक गणतन्त्रविरुद्ध फैलाएका भ्रमपूर्ण प्रचारबाजी आदिले गर्दा यस स्तम्भकारलाई नचाहँदा-नचाहँदै पनि स्कुलमा पढेका ती कुरा सम्झन बाध्य बनाउँछ । गणतन्त्र आएको १६ वर्ष बित्दा नबित्दै राजावादीहरू सलबलाउन थालेका छन् ।

उनीहरुले सर्वसाधारणको मनमा लोकतन्त्रप्रति नै वितृष्णा र आक्रोश उत्पन्न गराउने प्रयत्न गर्दै छन् । यसप्रति संघीय गणतन्त्र तथा लोकतन्त्र पक्षधर सचेत नागरिक, नागरिक समाज र राजनीतिक नेता-कार्यकर्ताले सोच्ने बेला भएन र ? के यी भ्रम र कुप्रचार चिर्न उनीहरूले कुनै भूमिका वा दायित्व वहन गर्नुपर्दैन ? तत्कालीन राजा वीरेन्द्रले विद्यार्थी आन्दोलन उत्कर्षमा पुगेपछि सुधारिएको पञ्चायत व्यवस्था अथवा बहुदलीय व्यवस्थामध्ये एक रोज्न आम मतदातालाई आह्वान गर्नुपरेको थियो । त्यस बखत राजधानी सहरमा निर्दलीय पञ्चायतको पक्षमा एउटा तुल वा ब्यानर झुन्ड्याउनेसम्म साहस गरेका थिएनन्, निर्दलीय पञ्चायत पक्षले । जब कि त्यसबखत उनीहरूकै सरकार थियो ।

अहिले कांग्रेस र एमालेको पूर्ण बहुमत मात्र नभई झन्डै दुईतिहाइको सर्वशक्तिमान सरकार कायम रहँदा कसरी प्रतिगामी तत्त्वले खुला रूपमा गणतन्त्रको विरोध र पूर्वराजाको समर्थनमा केही हजार कार्यकर्तालाई सडकमा उतार्न सफल भए ? के यो सोचनीय विषय होइन ! निराशाको कारण: जिम्मेवार राजनीतिक पार्टीका नेताले जनता किन हामीदेखि निराश भए, किन आक्रोशित छन्, किन क्रुद्ध बने, किन उनीहरू असन्तुष्ट छन् भनी एकछिन ठण्डा दिमागले सोच्न जरुरी छ । आज देशमा बेरोजगारीको समस्या चुलिएको छ, महँगीले आकाश छोएको छ, भ्रष्टाचारले सीमा नाघेको छ, नागरिक असुरक्षामा वृद्धि भएको छ । जनताले कर तिरेकै छन् तर त्यसको बदलामा उपयुक्त र प्रभावकारी सेवा प्राप्त गर्न सकेका छैनन् । सर्वत्र अराजकता बढेको छ । सरकारी कार्यालयमा विनाघुस कुनै काम भइरहेको छैन । यो स्थितिका निम्ति जिम्मेवार को ? गणतान्त्रिक सरकारको त्यसमा कुनै दायित्व वा जिम्मेवारी बोध देखिँदैन । जनताका समस्याप्रति सरकार वा राजनीतिक पार्टीहरू संवेदनशील भइरहेका छैनन्, उदासीन देखिन्छन् । त्यसो भनेर विगत ३० वर्षमा कुनै क्षेत्रमा विकास भएको छैन, अर्थतन्त्र र विज्ञान प्रविधिले फड्को मारेको छैन वा कुनै क्षेत्रमा काम भएको छैन भन्न खोजिएको होइन । काम भएका छन् तर बेरोजगारीको समस्या यति विकराल भएको छ कि मानिसहरू अध्ययन, अवसर र रोजगारीका लागि दिनहुँ १५ सयको हाराहारीमा बिदेसिरहेका छन् । के यसमा सरकारको केही दायित्व हुँदैन ? जमेको पोखरी बन्ने कि संग्लो नदी ? अरुको त के कुरा प्रमुख भनाउँदा राजनीतिक पार्टीहरूभित्र समेत आन्तरिक प्रजातन्त्र मौलाउन सकेको छैन ।

नेताको चाकडी गर्नेहरूले मौका पाइरहेका छन् । उनीहरूको काम, योग्यता, लोकप्रियता, अनुभव र योगदानको उचित कदर हुन सकिरहेको छैन । राम्रा मानिसहरू पार्टीमा सधैँ तल पर्छन् तर नेतालाई खुसामद गर्ने र अनुचित लाभ दिलाउन सक्नेहरू नै हाबी भएका छन् । पार्टीहरूमा कार्यकर्ताको अभिलेखीकरणको कुनै व्यवस्था नभएको जस्तो देखिन्छ ।

अहिले ठुला भनाउँदा पार्टीहरूको स्थिति फोहोर पानी जमेको पोखरीजस्तो भएको छ, नदीको पानीजस्तो सङ्लो हुन सकेको छैन । राजनीतिक पार्टीलाई जीवन्त र क्रियाशील राख्न नयाँ नेतृत्वको विकासलाई पनि ध्यान दिइनुपर्छ । अहिले सत्तासीन दुई ठुला पार्टी र प्रमुख प्रतिपक्षमा हेर्ने हो भने दुई-तीन दशकदेखि एकै व्यक्तिको नेतृत्वमा कब्जा रहेको देखिन्छ । एकैजना व्यक्ति तीनदेखि ६ पल्ट प्रधानमन्त्री बनेर देश र जनताले के पाए वा के पाउँछन् ? यसको उत्तर खोजिनुपर्दैन ? के हामीले अरु विकसित देशमा जस्तो दुईपल्टभन्दा बढी पार्टी प्रमुख वा देशको कार्यकारी प्रमुख बन्न नपाउने नियम ल्याउने बेला भएन र ? यसका निम्ति पार्टीका कार्यकर्तालाई समय-समयमा नेतृत्व विकाससम्बन्धी तालिम दिइनु जरुरी हुन्छ । नयाँ-नयाँ प्रतिभा र केही गरौँ भन्ने युवालाई उचित स्थान दिन नसक्दा पार्टीहरू डम्पिङ साइटमा परिणत हुने त होइन भन्ने खतरा बढेको छ । नायक कुलमान घिसिङलाई त हामीले सम्मानको सट्टा अपमान गर्ने प्रयास गर्‍यौं भने के जनताले यसमा आक्रोश नदेखाए खुसी व्यक्त गर्छन् त ? सर्वत्र पार्टी र राजनीति हाबी: अहिले देखापरेको एउटा ठुलो समस्या भनेको हामीले गर्ने हरेक कार्यमा, हरेक निर्णयमा र हरेक गतिविधिमा पार्टी र दलगत भावना हाबी हुने गरेको छ । चाहे पत्रकारिताको क्षेत्रमा होस् वा बौद्धिक जगतमा होस् अथवा नागरिक समाजमा होस् वा मानव अधिकारको क्षेत्रमा– पार्टीको आस्था वा दलगत भावनालाई केन्द्रमा राखेर काम गर्ने प्रवृत्ति हाबी भएको देखिन्छ । अन्य विकसित देशहरूसम्म जानैपर्दैन, भारतलाई मात्र हेरे पुग्छ । के त्यहाँको मिडियाले पार्टीको वकालत गर्छन् ? के त्यहाँ राजदूतजस्तो महत्त्वपूर्ण पदहरूमा नियुक्ति दिँदा राजनीतिक भागबन्डा वा राजनीतिक पार्टीको स्वार्थ हाबी हुने गरेको छ ? त्यस्तो त कतै देखिँदैन । हामीकहाँ सर्वत्र राजनीतिक स्वार्थ, राजनीतिक विचारधारा र भावना हाबी भएकै देखिन्छ ।

सांभार : रातोपाटी ।

# प्रमुखमा कर्ण आएदेखि राराब क्याम्पसमा विवाद बढ्दै



जलेश्वरटुडे समाचारदाता
जनकपुरधाम, २८ चैत्र

प्रा.डा. वसन्त कुमार कर्ण क्याम्पस प्रमुख नियुक्त भएदेखि रामस्वरुप रामसागर बहुमुखी (राराब) क्याम्पसमा सुरु भएको विवाद बढ्दै गएको छ । पढाउनका लागि कहिल्यै कक्षामा नगएका कर्ण प्रमुख नियुक्त भएपछि प्राध्यापक र कर्मचारीहरु पनि आश्चर्यमा परेका थिए । प्रध्यापक र कर्मचारीहरुको विरोधका बाबजुद पनि उनी क्याम्पस प्रमुखको जिम्मेवारी सम्हाले । गएको माघ २ गते क्याम्पस प्रमुखमा नियुक्त भएका उनी अहिले प्रध्यापकको तलब भत्ता नखुवाएर चर्चामा छन् । त्रि.वि.रजिष्ट्रार कार्यालयले क्याम्पस प्रमुख कर्णलाई अदालतको निर्णय अनुसार आंशिक प्रध्यापकहरुलाई तलब भुक्तानी गर्नका लागि निर्देश दिएपनि उनले अटेर गरेको त्रिभुवन विश्वविद्यालय प्राध्यापक संघ र राराब क्याम्पस इकाई समितिका सभापति मुक्तिनाथ साहले आरोप लगाए । तलबको लागि दिएको समयसीमा बिहीबार सकिएपनि क्याम्पस प्रमुख कर्ण भने यसतर्फ चासो लिएको देखिएन् । उल्टै बिहीबार पत्रकार सम्मेलन गरेर उनले विद्यार्थी र कर्मचारीउपर गम्भीर आरोप लगाएका छन् । राराब क्याम्पसमा करिब १८ हजार विद्यार्थी अध्ययनरत्त रहेका छन् । चैत महिनाको पहिलो साता देश भरीका क्याम्पसहरुमा स्वतन्त्र विद्यार्थी युनियन (स्ववियु)को निर्वाचन सम्पन्न भएपनि राराबमा भने हुन सकेको छैन् । क्याम्पस प्रमुख कर्णले उमेर हद कटिसकेका र चुनावमा पराजित हुने विद्यार्थीहरुले स्ववियुको निर्वाचन हुन नदिएको पत्रकार सम्मेलनमा आरोप लगाए । उनले विद्यार्थीको नाउँमा उच्छश्रृंखल तत्व रहेकाले राराब क्याम्पसको शैक्षिक अवस्था सुधार हुन नसकेको दावी गरे । क्याम्पसमा भएको तालाबन्दी खुलाउन नसकेर प्रा.डा. कर्णले उल्टै विद्यार्थीलाई म्याद नाघेका बताए । निर्वाचनको टिकट नपाएका र उमेर हद नाघेका नेताहरूले सातवटै विद्यार्थी संगठनहरुलाई प्रयोग गरेर तालाबन्दी गराएको उनले दावी गरे ।पत्रकार सम्मेलनमा गएको चैत २१ गते दिउँसो क्याम्पसबाट बाहिरिने क्रममा केही व्यक्तिले गरेको कालोमोसोलाई रंगको संज्ञा दिदै यस्ता क्रियाकलाप कर्मचारीहरुको संलग्नतामा भएको आरोप लगाए । क्याम्पस प्रमुख कर्णले जिल्ला प्रहरी कार्यालय, धनुषामा दिएको उजुरी उपर कार बाही गर्दै आरोप लगाएको कर्मचारीसँग मिलापत्र भएर कालोमोसो दल्ने विषय समाधान भइसकेको छ । कालोमोसो नदलेर केही उच्छश्रृंखल व्यक्तिले रंग फालेर भागेको दावी गर्दै क्याम्पस प्रमुख कर्णले पत्रकार सम्मेलनमा आफ्नो कार्यकालको आफैले प्रशंसा गर्दै थिए । उनको आगमनपछि क्याम्पसमा काम गर्ने वातावरण नरहेको कर्मचारीहरुले दावी गरेका छन् । कार्यालयभन्दा घरबाटै क्याम्पस संचालन गर्न खोज्दा समस्या भएको कर्मचारीहरु बताउँछन् । प्रध्यापकहरुको माग सम्बोधन विषयमा प्रमुख कर्णले पत्रकार सम्मेलनमा केही बोलेनन । आफू क्याम्पसमा आएदेखि माफियाहरुको कमाई बन्द भएकाले आफू विरुद्ध लागेको दावी उनले गरे । प्राध्यापक संघका सभापति मुक्तिनाथ साह र सचिव डा. शिवेन्द्रलाभ कर्णलाई भेट्न नचाहेको, फोन नउठाउने तथा कार्यालयको कामकाज घरमै बसेर संपादन गर्दा क्याम्पस अस्तव्यस्त बनेको कर्मचारीहरुको दावी छ । उनले विज्ञान भवनबाट मोटर साइकल चढेर बाहिर निस्कँदै गर्दा लुगामा मसि छर्किएको सामान्य घटनालाई ‘कालोमोसो दलिएको’ भनेर नियतबस प्रचार गरिएको दाबी समेत गरेका छन् । उनका अनुसार यो कार्य सुनियोजित हो । यसको मूल उद्देश्य आफूलाई बदनाम पार्दै संस्थागत सुधारका प्रयासहरूमा ब्रेक लगाउनु हो ।

पत्रिका/पेपर
कम्प्यूटराईज गराउन सम्झनुहोस।





सम्पर्क -: दिलीप कुमार साह :-
मो.नं.-९८४४०५१४८७, ९७०९०५७०६१ (जनकपुरधाम)
एकचोटी सेवाको मौका अवश्य दिनुहोला




मिथिला बिहारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
धनुषा, मधेश प्रदेश नेपाल

प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : राजर्षि जनक अफसेट प्रिंटर्स जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम–४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday